भाग ४

लोक सेवा आयोगको सूचना

लोक सेवा आयोग (कार्यविधि) ऐन, २०२० को दफा ३ (क) अनुसार खण्ड ३५ मिति २०४२।५।३१ संख्या २३ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस आयोगको सूचनाअनुसार पद पूर्ति गर्न प्रत्यायोजन भएको अधिकार प्रयोगका सम्बन्धमा उजूर गर्न पाउने व्यवस्था भएकोले सो उजूर गर्ने सम्बन्धमा देहायबमोजिम व्यवस्था गरिएको छः–

१. कुनै पनि उम्मेदवारले साधारणतः देहायका अनियमित कारवाईको सम्बन्धमा उजूर गर्न सक्नेछ ।

(क) विज्ञापन नै नगरी नयाँ भर्नाद्वारा पद पूर्ति गऱ्यो भन्ने सम्बन्धमा ।

(ख) विज्ञापन गर्दा नियमानुसार दरखास्त दर्ता गर्ने म्याद नदिएको सम्बन्धमा ।

(ग) निर्धारित योग्यता (शैक्षिक योग्यता, तालिम, अनुभव आदि) नपुगेको र मान्यता प्राप्त योग्यता नभएको उम्मेदवारले मौका पायो भन्ने सम्बन्धमा ।

(घ) नि.से.नि. अनुसार उमेरको हद नाघेको वा उमेर नपुगेका उम्मेदवारको दरखास्त स्वीकृत भयो भन्ने सम्बन्धमा ।

(ङ) गैरनेपाली नागरिकको दरखास्त नि. से. नि. विपरीत स्वीकृत भयो भन्ने सम्बन्धमा ।

(च) विज्ञापनमा पद संख्या नतोकिएको वा तोकिएको भन्दा बढी उम्मेदवार लिइयो भन्ने सम्बन्धमा ।

२. उपर्युक्त बमोजिमको कारवाईमा चित्त नबुझे देहायको पदहरूको सम्बन्धमा देहायको कार्यालयहरूमा उजूरी गर्नु पर्नेछ ।

(क) रा. प. अ. प्रथम र द्वितीय श्रेणीहरूको सम्बन्धमा–	लोक सेवा आयोगको सम्बन्धित क्षेत्रीय कार्यालय
(ख) रा. प. अनं. तृतीय र चतुर्थ श्रेणीहरूको सम्बन्धमा–	लोक सेवा आयोगका सम्बन्धित अञ्चल कार्यालय र आयोगको अञ्चल कार्यालय नभएको अञ्चलको सम्बन्धमा सम्बन्धित क्षेत्रीय कार्यालय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

852

(ग) राजपत्राङ्कित सबै पदहरूको सम्बन्धमा — लोक सेवा आयोग केन्द्रीय कार्यालय

३. उपर्युक्त बमोजिमको कार्यालयहरूमा उजूरी गर्दा देहायको म्यादभित्र उजूर गर्नु पर्नेछ ।

(क) विज्ञापन नगरी योग्यताक्रम प्रकाशन गरेको वा नियुक्ति गरेको सम्बन्धमा सो प्रकाशित मिति वा नियुक्ति मितिमध्ये जुन पहिले हुन्छ, सोको ३५ दिनभित्र ।

(ख) विज्ञापन भएकोमा विज्ञापन प्रकाशित भएको मितिले ३५ दिनभित्र ।

(ग) विज्ञापनमा उल्लेख भएको भन्दा बढी उम्मेदवार लिइयो भन्ने सम्बन्धमा योग्यताक्रम वा सिफारिश मितिमध्ये जुन पहिला प्रकाशित भएको हो सोको ३५ दिनभित्र ।

द्रष्टव्यः— दोब्बर दस्तुर तिरी दरखास्त दिने ७ (सात) दिने थप म्यादसहितको विज्ञापन प्रकाशित भएको सम्बन्धमा उजूर गर्ने म्याद माथि खण्ड ३ (ख) को लागि अर्को थप ७ दिन हुनेछ ।

४. त्यस्तो उजूरी परेमा अञ्चल कार्यालय वा क्षेत्रीय कार्यालय प्रमुखले त्यस्तो उजूरीमा छानबिन गर्नु पर्ने देखिएमा छानबिन गरी उजूरी दिने म्याद भुक्तान भएको मितिले दुई महिनाभित्र कारवाई र किनारा लगाइसक्नु पर्नेछ ।

५. उजूरी परेको जानकारी नियुक्त गर्ने अधिकारीलाई तुरून्त दिनु पर्नेछ ।

६. उजूरी रू. १।— को टिकट टाँसी अनुसूची बमोजिमको फाराममा सनाखत गरिदिनु पर्नेछ ।

अनुसूची

लोक सेवा आयोगबाट प्रत्यायोजित अधिकारबमोजिम गरेको काम कारवाईमा चित्त नबुझे उजूरी गर्ने सनाखत फाराम ।

श्रीमान् । सचिव । क्षेत्रीय अधिकृत । अञ्चल अधिकृत । ज्यू,
लोक सेवा आयोग
... ... केन्द्रीय । क्षेत्रीय । अञ्चल । कार्यालय
... ... ।

विषयः उजूरी सम्बन्धमा ।

... ... पद पूर्ति गर्दा... ...भएको काम कारवाईमा चित्त नबुझेकोले लोक सेवा आयोग (कार्यविधि) ऐन, २०२० को दफा ३ (क) बमोजिम निम्नानुसारको बेहोरा खोली उजूरी निवेदन गरेको छु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. पदको नाम, श्रेणी र सेवा... ... ...
२. विकास । साधारण
३. सम्बन्धित कार्यालय... ... ...
४. विज्ञापन भएको भए विज्ञापन नं. र गोरखापत्रमा वा अन्य पत्रपत्रिकामा प्रथम पटक सूचना प्रकाशित मिति :–
५. काम कारवाईमा चित्त नबुझेको कारण... ... ...
६. उजूरीवालाको खास दावी ... ...
७. आफ्नो दावी पुष्टिको लागि प्रमाण भए उल्लेख गर्ने... ...

उपर्युक्त बमोजिम विवरण म आफैले लेखेको हुँ र लोक सेवा आयोग (कार्यविधि) ऐन, २०२० को दफा ३ (क) बमोजिम यो उजूरी गरेको छु ।

मिति

उजूरवाला

१. लेखात्मक हस्ताक्षरको सही... ... ...
२. रेखात्मक हस्ताक्षरको सही... ... .
३. पूरा नाम, थर, वतन... ....
४. श्री ५ को सरकार वा अन्य कुनै कार्यालयको कर्मचारी भए सम्बन्धित कार्यालयको
नाम :–
५. दर्जा :–

उपर्युक्त अनुसार ... ... वतन। ... ... कार्यालयका श्री ... . ले मेरो अगाडि लेखात्मक र रेखात्मक सही गरेको सनाखत गरी प्रमाणित गरेको छु ।

प्रमुख जिल्ला अधिकारी । कुनै राजपत्राङ्कित कर्मचारीको सही :–

कार्यालयको छाप :–
मिति :–

पद :–
श्रेणी :–
कार्यालय :–

निर्देशनको दफा १ मा उल्लिखित अनियमितता स्पष्ट खुलाउने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फाराम भर्ने निर्देशनहरू

१. कुनै पनि उजूरवालाले साधारणतः निम्न अनियमित कारवाईको सम्बन्धमा उजूर गर्न सक्नेछ ।

(क) विज्ञापन गर्दा नियमानुसार म्याद नदिएको सम्बन्धमा ।

(ख) निर्धारित योग्यता (जस्तै शैक्षिक योग्यता, तालिम, अनुभव) नपुगेका र मान्यता प्राप्त योग्यता नभएको उम्मेदवारले मौका पायो भन्ने विषयमा ।

(ग) उमेरको हद नाघेको वा उमेर नपुगेको उम्मेदवारको दरखास्त स्वीकृत भयो भन्ने विषयमा ।

(घ) विज्ञापन नै नगरी नयाँ भर्नाद्वारा पद पूर्ति गऱ्यो भन्ने विषयमा ।

(ङ) गैरनेपाली नागरिकको दरखास्त स्वीकृत भयो भन्ने विषयमा ।

(च) विज्ञापनमा पद संख्या तोकिएन वा तोकिएको भन्दा बढी उम्मेदवार लिइयो भन्ने विषयमा ।

२. (क) राजपत्र अनङ्कित प्रथम र द्वितीय श्रेणीको पदको सम्बन्धमा उजूरी गर्दा लोक सेवा आयोगको सम्बन्धित क्षेत्रीय कार्यालयमा उजूरी दिनु पर्नेछ ।

(ख) राजपत्र अनङ्कित तृतीय र चतुर्थ श्रेणीको पदको सम्बन्धमा उजूरी गर्दा लोक सेवा आयोगको सम्बन्धित अञ्चल कार्यालय र आयोगको अञ्चल कार्यालय नभएको अञ्चलको सम्बन्धमा । सम्बन्धित क्षेत्रीय कार्यालयमा उजूरी दिनु पर्नेछ ।

(ग) राजपत्राङ्कित सबै पदको सम्बन्धमा लोक सेवा आयोगको केन्द्रीय कार्यालयमा उजूरी दिनु पर्नेछ ।

३. (क) उजूरी गर्दा पद पूर्तिको विज्ञापन भएको भए विज्ञापन प्रकाशित भएको ३५ दिनभित्र सम्बन्धित ठाउँमा उजूरी दिनु पर्नेछ । तर डबल दस्तुर तिरी दरखास्त दिन सात दिने थप म्यादसहितको विज्ञापन प्रकाशित भएको सम्बन्धमा उजूर गर्ने म्याद पनि अर्को थप सात दिन हुनेछ ।

(ख) विज्ञापन नभएको भए योग्यताक्रम प्रकाशन अथवा नियुक्ति गरेको जुन पहिलो हुन्छ सोको ३५ दिनभित्र सम्बन्धित ठाउँमा उजूरी दिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

850